सिद्धार्थ बैंक लिमिटेड
निर्वाचन अधिकृतको कार्यालय
नक्साल, काठमाण्डौ ।

सिद्धार्थ बैंक लिमिटेडको मिति २०८१ पौष २८ गते तदनुसार १२ जनवरी, २०२५ ई. मा सम्पन्न हुने तेइसौं वार्षिक साधारण सभामा बैंकको नियमावलीको नियम ८(२)(क) बमोजिम संस्थापक शेयरधनी समूहको तर्फबाट संञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) र ऐ.८(२) (ख) बमोजिम सर्वसाधारण शेयरधनी समूहको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ (दुई) जना समेत ५ (पांच) जना सञ्चालक पदको निर्वाचनको प्रयोजनको लागि संचालक निर्वाचन निर्देशिका, २०७२ बमोजिम मिति २०८१।०९।१७ मा निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गरिएकोमा मतदाताको अध्यावधिक नामावली प्राप्त हुन केही समय लागेकाले मिति २०८१।०९।१७ को सूचनाको सट्टामा केही परीमार्जन सहित देहाय बमोजिमको निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गरीएको व्यहोरा सम्वन्धित सबैको जानाकारीको लागि अनुरोध छ ।

| क्र.स | कार्यक्रम | मिति | समय | | स्थान |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १ | मतदाता नामावली प्रकाशन गर्ने | २०८१।०९।२३ | ११:०० | १३:०० | निर्वाचन अधिकृतको कार्यालय, सिद्धार्थ बैंक लिमिटेड, प्रधान कार्यालय, नक्साल, काठमाण्डौ |
| २ | मतदाता नामावली उपर दावि विरोध गर्ने | २०८१।०९।२३ | १३:३० | १७:०० | ऐ. ऐ. |
| ३ | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | २०८१।०९।२३ | १७:३० | १८:०० | ऐ. ऐ. |
| ४ | उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने | २०८१।०९।२५ | ११:०० | १४:०० | ऐ. ऐ. |
| ५ | उम्मेदवारहरुको प्रथम नामावली प्रकाशित गर्ने | २०८१।०९।२५ | १४:३० | १५:०० | ऐ. ऐ. |
| ६ | उम्मेदवारी उपर दाबि विरोध गर्ने | २०८१।०९।२५ | १५:३० | १७:०० | ऐ. ऐ. |
| ७ | उम्मेदवारको नाम फिर्ता लिने | २०८१।०९।२५ | १७:१० | – | ऐ. ऐ. |
| | | २०८१।०९।२६ | – | १४:०० | |
| ८ | उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने | २०८१।०९।२६ | १४:३० | १५:०० | ऐ. ऐ. |
| ९ | मतदान गर्ने | २०८१।०९।२८ | साधारणसभाको नियमित एजेण्डा सम्पन्न भए पश्चात निर्वाचन अधिकृतले तोके बमोजिम । | | साधारण सभा स्थल, आर्मी अफिसर्स क्लव, भद्रकाली, काठमाण्डौ |
| १० | मतगणना गर्ने | मतदान कार्य समाप्त भएपछि | | | ऐ. ऐ. |
| ११ | निर्वाचन परिणाम घोषणा गर्ने | मतगणना कार्य समाप्त भएपछि | | | ऐ. ऐ. |

दृष्टव्य :

१. मिति २०८१।०९।२८ गते संचालन हुने बार्षिक साधारण सभाको लागि तय गरिएको एजेण्डामा छलफल सकिए पश्चात कम्तीमा ३ (तीन) घण्टा मतदान गर्नकोलागि समय दिईने छ ।
२. निर्बाचनमा प्रयोग गरिएका सबै मतपेटिकाहरु प्राप्त भईसकेपछि मत गणनाको कार्य सुरु गरिने छ ।
३. मतगणना कार्य समाप्त भएपछि निर्बाचन परिणाम घोषणा गरिने छ ।
४. सभामा भाग लिने र मतदान गर्ने व्यक्ति एउटै हुनु पर्नेछ ।
५. संचालक पदमा उम्मेद्वार हुन चाहने शेयरधनीले निर्बाचन सम्बन्धी कार्यक्रममा तोकिएको समयमा तोकिएको ढाँचा बमोजिमको उम्मेदवारीको दरखास्तमा एकजना प्रस्तावक र एकजना समर्थक सहित उम्मेदवारी दर्ता गर्नुपर्ने छ ।

SiddharthaBank

प्रसन्न

कुनै उम्मेदवारले आफ्नो उम्मेदवारी फिर्ता लिन चाहेमा तोकिएको समयमा फिर्ता लिन सक्ने छ तर संचालक समितिका अध्यक्षले अनुमति दिएमा सो समय पछि पनि उम्मेदवारले आफ्नो नाम उम्मेदवारीबाट फिर्ता लिन सक्ने छ ।

६. नेपाल राष्ट्र बैंकद्वारा जारी एकिकृत निर्देशनमा तोकिए बमोजिम संस्थापक/ संस्थापक समूहको शेयर धारण गरेका शेयर धनीले संस्थापक समूह बाहेक अन्य समूहबाट संचालकमा उम्मेदवारी दिन पाउने छैनन । उम्मेदवारको योग्यता र अयोग्यता सम्बन्धि अन्य विषय प्रचलित बैंक वित्तिय संस्था सम्बन्धि ऐन, कम्पनी ऐन तथा अन्य प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ । उम्मेदवारले पेश गर्नु पर्ने कागजात, उम्मेदवारको योग्यता अयोग्यता सम्बन्धी चेक लिष्ट आवश्यक भएमा निर्वाचन अधिकृतको कार्यालयमा सम्पर्क गरि लिन सकिनेछ ।

७. निर्वाचनमा उम्मेद्वारी दर्ता गर्दा मनोनयनपत्र दर्ता बापत रु. ८०००/- शुल्क बुझाउनु पर्नेछ ।

८. कम्पनी वा संस्थाको तर्फबाट उम्मेदवार हुन चाहनेले सम्बन्धित कम्पनी वा संस्थाको संचालक समितिको निर्णय, अधिकारनामा, प्रवन्ध पत्र तथा नियमावली, कम्पनी वा संस्था दर्ताको प्रमाण पत्र, स्थायी लेखा नम्बर तथा अधिकारप्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि साथै राखी पेश गर्नुपर्नेछ ।

९. प्रोक्सी फाराम साधारणसभा शुरु हुने मितिः २०८१।०९।२८ गते ११:०० बजे भन्दा ४८ घण्टा अगावै अर्थात मिति २०८१।०९।२६ गते विहान ११:०० बजे भित्रमा दर्ता गराई सक्नु पर्नेछ ।

१०. शेयरधनीको हाजिरी पुस्तिका साधारणसभा हुने दिन ९:३० बजे देखि खुल्ला रहनेछ । साधारण सभामा हाजिर हुने शेयरधनी वा शेयरधनीको प्रतिनिधिले मात्र संचालक पदको निर्बाचनमा भाग लिन पाउनेछन् ।

११. तोकिएको समयभित्र रीतपूर्वक दर्ता भएका प्रोक्सीको विवरण सक्कल अभिलेखहरु रुजु गरी सदर प्रोक्सी र बदर प्रोक्सीको सम्वन्धमा सम्वन्धित शेयरधनीलाई साधारणसभाको हाजीर पुस्तिकामा दस्तखत गर्ने समयमा जानकारी गराईनेछ ।

१२. निर्बाचन सम्बन्धी अन्य बिषयहरु बैंकको संचालक निर्बाचन निर्देशिका २०७२, साधारण सभाको सूचना वा निर्बाचन अधिकृतले तोके बमोजिम हुनेछ ।

१३. निर्वाचन अधिकृतको कार्यालय सिद्धार्थ बैंक लिमिटेडको प्रधान कार्यालय नक्साल काठमाण्डौमा स्थापना गरिएको हुँदा निर्बाचन सम्वन्धमा कुनै शेयरधनीलाई थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र सम्पर्क राख्न अनुरोध गरिन्छ ।

१४. निर्वाचन अधिकृतको कार्यालय खुल्ला रहने समय विहान ११:०० बजे देखि ५:३० बजेसम्मको हुनेछ ।

निर्वाचन अधिकृतको हस्ताक्षरः प्रसन्न कृष्ण दास

नामः प्रसन्न कृष्ण दास

मितिः २०८१।०९।२२

समयः ५:००